शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः८ संख्याः ८ प्रकाशित मितिः२०८२/१२/०२

भाग - २

स्वीकृत मितिः २०८२/११/२९

विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन एवम् विद्यालय स्थानान्तरण सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावना : - विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन एवम् विद्यालय स्थानान्तरण सम्बन्धी प्रक्रियालाई व्यवस्थित र विधिसम्मत बनाउन वाञ्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा शंखरापुर नगरपालिकाको शिक्षा ऐन, २०७९को दफा(७१) ले प्रदान गरेको अधिकार प्रयोग गरी शंखरापुर नगरपालिकाले यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद — १

१. प्रारम्भिक

क. **नामः " विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन एवम् विद्यालय स्थानान्तरण सम्बन्धी कार्यविधि, २०८२"**

ख. यो कार्यविधि शंखरापुर नगरपालिका भित्र लागू हुनेछ ।

ग. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यपालिका" भन्नाले शंखरापुर नगरपालिकको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख. "नगरपालिका" भन्नाले शंखरापुर नगरपालिकालाई सम्झनु पर्दछ ।

ग. "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले तीन वर्ष पूरा भई पाँच वर्ष पूरा नगरेका बालबालिकाको लागि शिक्षा ऐनको दफा १३ बमोजिम खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्रलाई सम्झनु पर्दछ र सो शब्दले नर्सरी, केजी, मन्टेस्वरी समेतलाई जनाउँछ ।

घ. "शिक्षा शाखा" भन्नाले शंखरापुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्दछ ।

ङ. "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन, अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्दछ ।

च. " विद्यालय" भन्नाले सामुदायिक तथा संस्थागत दुवै विद्यालयलाई सम्झनु पर्दछ ।

छ. "सामुदायिक विद्यालय " भन्नाले नेपाल सरकार, प्रदेश सरकार एवम् नगरपालिकाबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

ज. "संस्थागत विद्यालय" भन्नाले नगरपालिकाबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति प्राप्त विद्यालयलाई सम्झनु पर्दछ ।

झ. "शिक्षा समिति" भन्नाले शंखरापुर नगरपालिका शिक्षा ऐन, २०७९ दफा २३ बमोजिमको शिक्षा समितिलाई सम्झनु पर्दछ । ०

ञ. "शाखा प्रमुख" भन्नाले नगरपालिका शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख सम्झनु पर्दछ ।

परिच्छेद — २

नयाँ विद्यालय खोल्ने, कक्षा थप गर्ने एवम् स्थानान्तरण अनुमति (कक्षा १ देखि १२ सम्म) सम्बन्धमा

३. विद्यालय खोल्नको लागि आवेदन दिनु पर्नेः

क.यस नगरपालिका भित्र सामुदायिक एवम् संस्थागत विद्यालय खोल्न चाहेमा विद्यालय खोल्ने वडाको वडा शिक्षा समिति र नजिकका दुई वटा विद्यालयको सिफारिस सहित शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा तीन महिना अगावै अनुसूची १ बमोजिमको ढाँचामा नगरपालिकाको कार्यालयमा आवेदन पेस गर्नुपर्नेछ ।

(यस प्रयोजनका लागि नजिकका विद्यालय भन्नाले, विद्यालय स्थापना गर्दा प्रस्तावित स्थानबाट नजिकमा सञ्चालित प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पर्न सक्ने, सोही वडा वा अन्य वडामा सञ्चालित विद्यालयलाई सम्झनु पर्दछ ।)

४. विद्यालय खोल्न पूरा गर्नु पर्ने पूर्वाधारः विद्यालय खोल्नको लागि अनुसूची २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

५. विद्यालय खोल्न अनुमति दिनु पर्ने

(१). शंखरापुर नगरपालिकाको शिक्षा ऐन, २०७९ को परिच्छेद २ को नियम ५ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले आवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत जाँचबुझ गर्नेछ ।

(२). उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि अनुसूची २ बमोजिमको पूर्वाधार, वडा शिक्षा समितिको सिफारिस तथा नजिकका दुई विद्यालयको सहमति पेस भए वा नभएको यकिन गर्नु पर्नेछ ।

(३). उपदफा (१) बमोजिम जाँचबुझ गर्दा विद्यालय सञ्चालन अनुमति गर्न माग गरिएको स्थान (वडा) तथा नजिकका वडामा विद्यमान रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको संख्या, विद्यालय जाने उमेर समुहको जनसंख्या आदिको पनि आधार लिनु पर्नेछ ।

(४). अनुमति दिन उपयुक्त हुने देखिएमा आधारभूत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा एक महिना अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा पेस गर्नुपर्नेछ ।

(५). शिक्षा समितिको बैठकबाट अनुमति दिन उपयुक्त भएमा शिक्षा ऐन, २०७९ परिच्छेद २ को नियम ५ को उपनियम ३ र ४ अनुसार स्वीकृतीका लागि कार्यपालिका समक्ष सिफारिस गर्नुपर्नेछ ।

(६). उपदफा (५) बमोजिम प्रस्तुत गरेको सिफारिस उपयुक्त भएमा कार्यपालिकाले स्वीकृति तथा अनुमति दिने निर्णय गर्ने सक्नेछ ।

(७). दफा (५) बमोजिम प्रस्तुत भएको सिफारिस बमोजिम स्वीकृति तथा अनुमति प्रदान गर्न उपयुक्त नभएमा आवश्यक प्रक्रिया पूरा गरी पुनः प्रस्तुत गर्ने भनी नगर शिक्षा समिति समक्ष फिर्ता गर्ने सक्नेछ ।

(८). उपदफा (६) बमोजिम स्वीकृति तथा अनुमति प्रदान गर्ने गरी निर्णय भएमा आधारभुत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा पन्ध्र दिन अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा तीस दिन अगावै शिक्षा शाखा प्रमुखले अनुसुची ३ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ ।

६. कक्षा थप सम्बन्धमा

क. अनुमति प्राप्त कुनै सामुदायिक एवम् संस्थागत विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तिमा दुई महिना अगावै नगरपालिकाको कार्यालय समक्ष अनुसूची ४ बमोजिम निवेदन पेस गर्नु पर्नेछ ।

ख. उपनियम (क) बमोजिम निवेदन परेमा यसै कार्यविधिको दफा (५) अनुसार प्रक्रिया पूरा गरी नगर शिक्षा समितिले कक्षा थप गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

७. संस्थागत विद्यालय स्थानान्तरण सम्बन्धमा

क. शंखरापुर नगरपालिका वा तत्कालिन जिल्ला शिक्षा कार्यालय, काठमाडौंबाट अनुमति प्राप्त गरी यस नगरपालिकामा सञ्चालित विद्यालय नगरपालिका भित्रैकै अन्य स्थानमा स्थानान्तरण हुन चाहेमा एवम् तत्कालिन जिल्ला शिक्षा

कार्यालय, काठमाडौंबाट अनुमति प्राप्त गरी हाल अन्य नगरपालिकामा सञ्चालित रही अब उप्रान्त यस नगरपालिकाको कुनै स्थानमा स्थानान्तरण हुन चाहेमा शैक्षिक सत्र सुरु हुनु भन्दा कम्तिमा दुई महिना अगावै नगरपालिकाको कार्यालय समक्ष अनुसूची ५ बमोजिम निवेदन पेस गर्नु पर्नेछ ।

ख. उपदफा (क) बमोजिम निवेदन परेमा नगरपालिकाले दफा (५) अनुसार प्रक्रिया पूरा गरी नगर शिक्षा समितिको सिफारिस सहित नगर कार्यापालिका समक्ष पेस गर्नेछ ।

८. शैक्षिक गुठ्ठी सम्बन्धी व्यवस्था

क. विद्यालय शैक्षिक गुठ्ठी अन्तर्गत सञ्चालन गर्न चाहनेले सोको अनुमतिको लागि नगरपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

ख. उपदफा (क) बमोजिम निवेदन परेमा दफा (५) अनुसार प्रक्रिया पूरा गरी नगर शिक्षा समितिले अनुमति प्रदान गर्न कार्यपालिकामा सिफारिस गर्नुपर्नेछ ।

ग. उपदफा (ख) बमोजिम प्राप्त सिफारिसको आधारमा कार्यपालिकाले उपयुक्त देखेमा अनुमति प्रदान गर्नेछ ।

घ. अनुमति प्रदान गर्ने गरी निर्णय भएमा आधारभुत विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा पन्ध्र दिन अगावै र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनु भन्दा तीस दिन अगावै शिक्षा शाखा प्रमुखले तोके बमोजिमको ढाँचामा अनुमति दिन पर्नेछ ।

ङ. दफा (क) बमोजिम निवेदन गर्ने व्यक्ति वा समुदायले विद्यालय सञ्चालन गर्नका लागि शैक्षिक गुठ्ठी सम्बन्धी विधान बनाई नगरकार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

च. शैक्षिक गुठी सम्बन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछ ।

१. विद्यालयको नाम र ठेगाना

२. शैक्षिक गुठीका संस्थापकको नाम ठेगाना

३. शैक्षिक गुठीका गुठियार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रक्रिया र कार्यकाल

४. गुठीयारको काम, कर्तव्य र अधिकार तथा निजहरुले पाउने सुविधा

५. शैक्षिक गुठीमा रहेको घर जग्गा आम्दानी ऋण तथा अन्य सम्पत्तिको विवरण

६. शैक्षिक गुठी, निजी र सार्वजनिक गुठी मध्ये कुन प्रकृतिको हो खुलाउने

७. शैक्षिक गुठीको रुपम सञ्चालित विद्यालय कारणवश विद्यालय बन्द हुने अवस्था सिर्जना भएमा विद्यालयको सम्पत्ति हस्तान्तरण सम्बन्धी बेहोरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ।

८. अन्य आवश्यक कुराहरु

छ. शैक्षिक गुठी, निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ ।

९. अनुमति रद्द तथा कारवाही सम्बन्धी व्यवस्था - कसैले प्रचलित ऐन तथा नियमावली र यस कार्यविधिसँग बाँझिने गरी अनुमति दिएको वा प्राप्त गरेको पाइएमा नगरपालिकाले छानविन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ ।

परिच्छेद —४

प्रारम्भिक बाल शिक्षा सम्बन्धमा

१०. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापनाः

क. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडाको वडा शिक्षा समितिको सिफारिस सहित नगरपालिकाको कार्यालयमा अनुसूची—६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

ख. उपदफा (क) बमोजिम निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गर्दा निवेदकलाई प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न नगरपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची—७ बमोजिमको ढाँचामा अनुमति दिन शिक्षा समिति समक्ष पेस गर्नेछ ।

ग. उपदफा (क) बमाजिम पेस हुन आएमा शिक्षा समितिको निर्णयका आधारमा शिक्षा शाखा प्रमुखले अनुमति दिन सक्नेछ ।

घ. उपदफा (ख) बमोजिम तोकिएको मापदण्ड अनुरुप प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन नगरेमा शिक्षा समितिले त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ।

११. प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारः

प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधारहरु पूरा गरेको हुनु पर्नेछः

क. फराकिलो, खुला र सुरक्षित भवन भएको,

ख. नगरपालिकाले तोकेको मापदण्ड बमोजिम जग्गाको क्षेत्रफल र बालमैत्री, अपाङ्गतामैत्री भवन भएको,

ग. बाल उद्यानको व्यवस्था भएको,

घ. सफा र स्वच्छ खानेपानीको व्यवस्था भएको,

ङ. शौचालयको राम्रो व्यवस्था भएको,

च. बालबालिकाको हेरचाह गर्ने सुसारेको व्यवस्था भएको ,

१२. स्वीकृत पाठयक्रम प्रयोग गर्नु पर्नेः

क. प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्क्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ ।

परिच्छेद —५

विद्यालयको नाम परिवर्तन गर्न, कक्षा वा तह घटाउन वा बन्द वा स्थगन सम्बन्धमा

१३. कुनै संस्थागत विद्यालयले आफ्नो विद्यालयको नाम परिवर्तन गर्न, तह/कक्षा घटाउन वा बन्द वा स्थगन गर्न चाहेमा प्रचलित कानुन अनुसार आवेदन गर्न सक्नेछ । यदि विद्यालयको आवेदन कानुन बमोजिम भए नगर शिक्षा समितिले आवश्यक प्रक्रिया पूरा गरी विद्यालयको माग बमोजिम निर्णय गर्न सक्नेछ ।

१४. **बचाउ र लागू हुने अधिकारः**-यस कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

१५. **बाधा अड्काउ फुकाउनेः**- शैक्षिक सत्र २०८३ को हकमा दफा ५को उपदफा(४), र (८) को हकमा नगर शिक्षा समितिले तोके वमोजिम हुने र यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा नगर प्रमुखले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ।

१६. **यस कार्यविधिको व्याख्याः**- यस कार्यविधिको कार्यान्वयनमा कुनै दुविधा भएमा कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

१७. **प्रचलित कानून लागु हुने** :-यस कार्यविधिको व्यवस्था सङ्घीय तथा प्रादेशिक ऐन नियमसँग बाँझिएमा बाँझिएको हदसम्म सङ्घीय तथा प्रादेशिक ऐन नियम लागु हुनेछ ।

अनुसूची १

दफा ३ सँग सम्बन्धित

शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

विद्यालय स्थापनाका लागि आवेदन

मितिः२०..... ..../..... ..../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँखु, काठमाडौं ।

विषय :- विद्यालय स्थापनाका लागि अनुमति पाऊँ ।

शैक्षिक सत्र वि.स .... देखि ....तहको विद्यालय खोल्न चाहेकोले अनुमतिका लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेस गरेको छु/छौं ।

१. प्रस्तावित विद्यालयकोः

नाम (देवनागरि लिपिमा)-..... ....
(अंग्रेजीमा लिपिमा)- ....
ठेगानाः शंखरापुर नगरपालिका वडा नं.....गाउँ/टोलः ....
सम्पर्क फोन नं. ....मोबाइल नं. ....
इमेल ठेगानाः..... ....
वेवसाइट ठेगानाः..... ....

२. विद्यालयको प्रकार (उपयुक्त कोठामा √ चिह्न लगाउनुहोस्)

क्र.सं.	विद्यालयको प्रकार	चिन्ह लगाउने	कैफियत
१.	सामुदायिक		
२.	संस्थागत (कम्पनी)		

३.	निजी शैक्षिक गुठी		
४.	सार्वजनिक शैक्षिक गुठी		

३. अनुमति लिन चाहेको तह र यस शैक्षिक सत्रमा सञ्चालन गर्ने कक्षाः.....

४. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः ....

५. प्रस्तावित विद्यालयका लागि तयार गरिएको भौतिक पूर्वाधारको विवरण

५.१. भवनको उपलब्धता

भवन	निर्माणको प्रकार (कच्ची / अर्धपक्की / पक्की)	स्वामित्व (आफ्नै/भाडामा)
भवन १		
भवन २		
भवन ३		
भवन ४		
.....		

५.२. प्रकोप व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको उपयुक्तता

(क) उत्तम (ख) मध्यम (ग) सामान्य (घ) अनुपयुक्त

५.३. कोठाको विवरण

कोठा	कोठाको नाप (फिट)			इयालको संख्या	प्रकाश र बत्तीको अवस्था	प्रयोजन	कैफियत
	लम्बाई	चौडाई	उचाई				
कोठा १							
कोठा २							
कोठा ३							
कोठा ४							
कोठा ५							
.....							

५.४. फर्निचरको संख्या (वटा)

(क) डेस्कः..... (ख)बेञ्च ..... (ग) टेवलः.....

(घ) दराजः..... (ङ) मेचः..... (च) अन्यः.....

५.५. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी/आनामा) .....

५.६. शौचालयः छात्राले प्रयोग गर्नेको संख्याः ..... छात्रले प्रयोग गर्नेको संख्याः.....

५.७. खानेपानीको अवस्थाः .....

५.८. पुस्तकालयको अवस्था छ, छैन, छ भने,

(क) पुस्तकको संख्याः..... छुट्टै कोठा सहितको पुस्तकालय भएको/नभएको

(ख) पाठ्यक्रमको उपलब्धताः.....

(ग) पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अवस्थाः..... ....

५.९. प्रयोगशालाको अवस्थाः

(क) छुट्टै विज्ञान प्रयोगशाला छ/छैनः .....छ भने सामग्रीको उपलब्धता.....

(ख) छुट्टै सूचना प्रविधि प्रयोगशाला छ/छैनः.....छ भने सामग्रीको उपलब्धता.....

५.१०. सवारी साधनको विवरण ....

५.११. शैक्षिक सामग्रीको विवरणः ....

५.१२. अन्य केही भएः ....

६. प्रस्तावित विद्यार्थीको संख्याः

कक्षा	Playgroup	Nursery	LKG	UKG	१	२	३	४	५
संख्या									

कक्षा	६	७	८	९	१०	११	१२
संख्या							

७. प्रस्तावित शिक्षक विवरणः

क्रस	शिक्षकको नाम	तह	अध्यापन गराउने विषय	शैक्षिक योग्यता	सम्पर्क नंम्वर
१					
२					
३					
४					
५					
६					

८. अनुमानित आर्थिक विवरणः

८.१. चल सम्पत्तीः..... ....

८.२. अचल सम्पत्तीः..... ....

८.३. वार्षिक आम्दानीः..... ....

८.४. आम्दानीको श्रोतः..... ....

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको सहीः

नामः

पदः

ठेगानाः

नागरिकता प्रमाणपत्र नं.

मोबाइल नं.

इमेल ठेगानाः

छापः

संलग्न गर्नु पर्ने कागजातहरुः

- शैक्षिक गुठीमा दर्ता भएको विद्यालयको हकमा विद्यालय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- विधानको प्रतिलिपि, स्थायी लेखा तथा चालु आर्थिक वर्षको करचुक्ता तथा गुठीयारहरुको नागरिकता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि
- कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली तथा प्रमाणपत्र स्थायीलेखा तथा चालु आ व को करचुक्ता तथा कम्पनीको सञ्चालक तथा शेयर धनीहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- जग्गा वा भवन भाडामा लिने भए कम्तिमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले वहालमा दिने सम्बन्धमा भएको कवुलियतनामा सम्बन्धी पत्र ।
- प्रस्तावित विद्यालय रहने क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी)
- सम्बन्धित वडाको वडा शिक्षा समितिको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद
- नजिकका दुई विद्यालयको सहमति पत्र ।
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्र ।
- विद्यालयमा पठनपाठन हुने पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको विवरण ।
- संस्थागत विद्यालयको हकमा संस्थापक र सञ्चालकहरुको नाम नामेसी विवरण

क्रस	नाम, थर	पद	नागरिकता नं.	नागरिकता जारी गर्ने जिल्ला र मिति	सम्पर्क नम्बर
१					
२					
३					
४					
५					

अनुसूची २

दफा ४ सँग सम्बन्धित

विद्यालय विद्यालय खोल्नको लागि चाहिने पूर्वाधारहरु

क. कक्षा कोठाहरु सामान्यतया नौ फिट उचाईको र घाम तथा पानीबाट बचाउ किसिमको हुनु पर्ने,

ख. कक्षागत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १.०० वर्गमिटर तथा माध्यामिक विद्यालयको हकमा १.२० वर्ग मिटर भन्दा कम हुन नहुने,

ग. अध्यापन गराइने कक्षा कोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै स्वस्थ्य हुनुपर्ने,

घ. कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनुपर्ने,

ङ. यथेष्ट स्वस्थकर खानेपानीको प्रबन्ध गर्नुपर्ने,

च. प्रारम्भिक बाल शिक्षा केन्द्र बाहेक अन्य विद्यालयको हकमा, छात्र छात्राको लागि अलग शौचालयको व्यवस्था हुनुपर्ने र प्रत्येक थप ५० जना विद्यार्थीको लागि १ कम्पार्टमेन्ट थप हुनुपर्ने,

छ. पाठ्यक्रम, पाठ्सामाग्री, शिक्षक निर्देशिका सहितको १ विद्यार्थी बराबर कम्तिमा २ प्रतिका दरले पुस्तक उपलब्ध भएको पुस्तकालय हुनुपर्ने,

ज. शिक्षण क्रियाकलापको लागि आवश्यक शैक्षिक सामग्रीहरु जस्तै (सेतो पार्टी, कालो पार्टी, नक्सा, ग्लोब, गणितीय सामग्री आदि हुनुपर्ने,

झ. सम्पूर्ण विद्यार्थीहरु एकै साथ उभिन सक्ने खेलमैदान हुनुपर्ने,

ञ. प्रारम्भिक वाल शिक्षा केन्द्रमा घरबाहिरका क्रियाकलापहरु सञ्चालन गर्न पुग्ने र अन्य विद्यार्थीका लागि भलिवल खेल्न मिल्नेसम्मको खेल मैदानको व्यवस्था र खेल सामग्रीको व्यवस्था हुनुपर्ने,

ट. पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्था हुनु पर्ने,

ठ. सामुदायिक विद्यायलयमा कम्तिमा देहाय बमोजिमको शिक्षकको व्यवस्था हुनु पर्ने,

ड. विद्यालयमा प्राथमिक उपचार सामग्री व्यवस्था हुनु पर्ने,

ढ. आवसीय विद्यालयको लागि आवास भवन हुनु पर्ने,

ण. विद्यालयको परिसर पर्खाल वा बारले घेरिएको हुनु पर्ने,

त. भाडाको भवनमा विद्यालयको सञ्चालन गर्ने भए कम्तिमा पाँच वर्ष घर भाडा सम्बन्धी सम्झौता भएको हुनु पर्ने,

थ. विद्यालयमा बालमैत्री अपाङ्गतामैत्री तथा वातारणमैत्री हुनु पर्ने ।

अनुसूची ३

दफा ५ को उपदफा ८ सँग सम्बन्धित

विद्यालय सञ्चालन गर्न दिइने अनुमति

श्री..... .....।

विद्यालय खोल्ने सम्बन्धमा मिति .....मा प्राप्त निवेदन उपर कारवाही हुँदा नगर शिक्षा ऐन, २०७९ को परिच्छेद २ को नियम ४ बमोजिम पूर्वाधार पूरा गरेको देखिएकोले सम्पूर्ण खर्च निजी स्रोतबाट विद्यालय स्वयंले व्यहोर्ने गरी शैक्षिक सत्र ..... देखि आधारभुत /माध्यमिक तहको..... कक्षा सम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

अनुमति प्रदान गने अधिकारीको :
सही :
नाम :
पद :
मिति :
कार्यालयको छाप :

अनुसूची ४

दफा ६ को (क) सँग सम्बन्धित

शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

विद्यालयमा कक्षा थपका लागि आवेदन

मितिः२०...../...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँखु, काठमाडौं ।

विषयः- कक्षा थप गर्ने अनुमति पाँऊ ।

शैक्षिक सत्र वि स २०..... देखि कक्षा ..... तह थप गर्न चाहेकोले अनुमतिका लागि देहायको विवरणहरु खुलाई यो निवेदन पेस गरेको छु/छौं ।

१. विद्यालयकोः

नाम (देवनागरि लिपिमा)-..... ....
(अंग्रेजीमा लिपिमा)- ....
ठेगानाः शंखरापुर नगरपालिका वडा नं.....गाउँ/टोलः ....
सम्पर्क फोन नं. ....मोबाइल नं. ....
इमेल ठेगानाः..... ....
वेवसाइट ठेगानाः..... ....

२. विद्यालयको प्रकार (उपयुक्त कोठामा √ चिह्न लगाउनुहोस्)

क्र.सं.	विद्यालयको प्रकार	चिन्ह लगाउने	कैफियत
१.	सामुदायिक		
२.	संस्थागत (कम्पनी)		
३.	निजी शैक्षिक गुठी		
४.	सार्वजनिक शैक्षिक गुठी		

३. अनुमति लिन चाहेको कक्षा थपः.....

४. भविष्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाः ....

५. विद्यालयका लागि तयार गरिएको भौतिक पूर्वाधारको विवरण

५.१. भवनको उपलब्धता

भवन	निर्माणको प्रकार (कच्ची / अर्धपक्की / पक्की)	स्वामित्व (आफ्नै/भाडामा)
भवन १		
भवन २		
भवन ३		
भवन ४		
.....		

५.२. प्रकोप व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको उपयुक्तता

(क) उत्तम (ख) मध्यम (ग) सामान्य (घ) अनुपयुक्त

५.३. कोठाको विवरण

कोठा	कोठाको नाप (फिट)			इयालको संख्या	प्रकाश र बत्तीको अवस्था	प्रयोजन	कैफियत
	लम्बाई	चौडाई	उचाई				
कोठा १							
कोठा २							
कोठा ३							
कोठा ४							
कोठा ५							
.....							

५.४. फर्निचरको संख्या (वटा)

(क) डेस्कः..... (ख)बेञ्च ..... (ग) टेवलः.....

(घ) दराजः..... (ङ) मेचः..... (च) अन्यः.....

५.५. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी/आनामा) .....

५.६. शौचालयः छात्राले प्रयोग गर्नेको संख्याः ..... छात्रले प्रयोग गर्नेको संख्याः.....

५.७. खानेपानीको अवस्थाः .....

५.८. पुस्तकालयको अवस्था छ, छैन, छ भने,

(क) पुस्तकको संख्याः..... छुट्टै कोठा सहितको पुस्तकालय भएको/नभएको

(ख) पाठ्यक्रमको उपलब्धताः.....

(ग) पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अवस्थाः..... ....

५.९. प्रयोगशालाको अवस्थाः

(क) छुट्टै विज्ञान प्रयोगशाला छ/छैनः ....., छ भने सामग्रीको उपलब्धता.....

(ख) छुट्टै सूचना प्रविधि प्रयोगशाला छ/छैनः....., छ भने सामग्रीको उपलब्धता.....

५.१०. सवारी साधनको विवरण ....

५.११. शैक्षिक सामग्रीको विवरणः ....

५.१२. अन्य केही भएः ....

६. प्रस्तावित विद्यार्थीको संख्याः

कक्षा	Playgroup	Nursery	LKG	UKG	१	२	३	४	५
संख्या									

कक्षा	६	७	८	९	१०	११	१२
संख्या							

७. शिक्षक विवरणः

क्रस	शिक्षकको नाम	तह	अध्यापन गराउने विषय	शैक्षिक योग्यता	सम्पर्क नंम्वर
१					
२					
३					
४					
५					
६					

८. आर्थिक वर्ष २०...../ ..... को आर्थिक विवरणः

८.१. चल सम्पत्तीः..... ....

८.२. अचल सम्पत्तीः..... ....

८.३. वार्षिक आम्दानीः..... ....

८.४. आम्दानीको श्रोतः..... ....

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको सहीः

नामः

पदः

ठेगानाः

नागरिकता प्रमाणपत्र नं.

मोबाइल नं.

इमेल ठेगानाः

विद्यालयको छापः

अनुसूची ५

दफा ७ को (क) सँग सम्बन्धित

शंखरापुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

विद्यालय स्थानान्तरणका लागि आवेदन

मितिः२०..../...../.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँखु, काठमाडौं ।

विषय विद्यालय स्थानान्तरण गरी पाऊ ।

महोदय,

शैक्षिक सत्र विस २०.... देखि तह सम्म अनुमति प्राप्त विद्यालय त्यस शंखरापुर नगरपालिकाको वडा नम्बर .....मा स्थानान्तरण गर्नका लागि देहायको विवरणहरु खुलाई अनुमतिका लागि यो निवेदन पेस गरेको छु/छौं ।

१. स्थानन्तरण गरिने विद्यालयको विवरण

नाम (देवनागरि लिपिमा)-..... ....
(अंग्रेजीमा लिपिमा)- ....
ठेगानाः शंखरापुर नगरपालिका वडा नं.....गाउँ/टोलः ....
सम्पर्क फोन नं. ....मोबाइल नं. ....
इमेल ठेगानाः..... ....
वेवसाइट ठेगानाः..... ....
अनुमति प्रदान गर्ने निकायको नामः ....
अनुमति नंवर/चलानी नंवरः..... मितिः ....
अनुमति प्राप्त गरेको कक्षा तथा तहः..... ....

२. विद्यालयको प्रकार (उपयुक्त कोठामा √ चिह्न लगाउनुहोस्)

क्र.सं.	विद्यालयको प्रकार	चिन्ह लगाउने	कैफियत
१.	सामुदायिक		
२.	संस्थागत (कम्पनी)		
३.	निजी शैक्षिक गुठी		
४.	सार्वजनिक शैक्षिक गुठी		

३. हाल स्थानान्तरण हुन चाहेको ठेगानाः

ठेगानाः शंखरापुर नगरपालिका, वडा नं.....गाउँ/टोलः ....

सम्पर्क फोन नं. ....मोबाइल नं. ....

इमेल ठेगानाः..... ....

वेवसाइट ठेगानाः..... ....

४. स्थानान्तरण हुन चाहेको स्थानमा विद्यालयका लागि तयार गरिएको भौतिक पूर्वाधारको विवरण

४.१. भवनको उपलब्धता

भवन	निर्माणको प्रकार (कच्ची / अर्धपक्की / पक्की)	स्वामित्व (आफ्नै/भाडामा)
भवन १		
भवन २		
भवन ३		
भवन ४		
.....		

४.२. प्रकोप व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको उपयुक्तता

(क) उत्तम (ख) मध्यम (ग) सामान्य (घ) अनुपयुक्त

४.३. कोठाको विवरण

कोठा	कोठाको नाप (फिट)			झ्यालको संख्या	प्रकाश र बत्तीको अवस्था	प्रयोजन	कैफियत
	लम्बाई	चौडाई	उचाई				
कोठा १							
कोठा २							
कोठा ३							
कोठा ४							
कोठा ५							

४.४. फर्निचरको संख्या (वटा)

(क) डेस्कः..... (ख)बेञ्च ..... (ग) टेवलः.....

(घ) दराजः..... (ङ) मेचः..... (च) अन्यः.....

४.५. खेलकुद मैदानको अवस्था र जग्गा (रोपनी/आनामा) .....

४.६. शौचालयः छात्राले प्रयोग गर्नेको संख्याः ....., छात्रले प्रयोग गर्नेको संख्याः.....

४.७. खानेपानीको अवस्थाः .....

४.८. पुस्तकालयको अवस्था छ, छैन, छ भने,

(क) पुस्तकको संख्याः..... छुट्टै कोठा सहितको पुस्तकालय भएको/नभएको

(ख) पाठ्यक्रमको उपलब्धताः.....

(ग) पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको अवस्थाः..... ....

४.९. प्रयोगशालाको अवस्थाः

(क) छुट्टै विज्ञान प्रयोगशाला छ/छैनः .....छ भने सामग्रीको उपलब्धता.....

(ख) छुट्टै सूचना प्रविधि प्रयोगशाला छ/छैनः.....छ भने सामग्रीको उपलब्धता.....

४.१०. सवारी साधनको विवरण ....

४.११. शैक्षिक सामग्रीको विवरणः ....

४.१२. अन्य केही भएः ....

५. प्रस्तावित विद्यार्थीको संख्याः

कक्षा	Playgroup	Nursery	LKG	UKG	१	२	३	४	५
संख्या									

कक्षा	६	७	८	९	१०	११	१२
संख्या							

६. शिक्षक विवरणः

क्रस	शिक्षकको नाम	तह	अध्यापन गराउने विषय	शैक्षिक योग्यता	सम्पर्क नंम्वर
१					
२					
३					
४					
५					
६					

७. आर्थिक वर्ष २०...../ ..... को आर्थिक विवरणः

७.१. चल सम्पत्तीः..... ....

७.२. अचल सम्पत्तीः..... ....

७.३. वार्षिक आम्दानीः..... ....

७.४. आम्दानीको श्रोतः..... ....

माथि लेखिएका विवरणहरु ठीक साँचो छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला ।

निवेदकको सहीः
नामः
पदः
ठेगानाः
नागरिकता प्रमाणपत्र नं.
मोबाइल नं.
इमेल ठेगानाः
विद्यालयको छापः

संलग्न गर्नु पर्ने कागजातहरुः

- शैक्षिक गुठीमा दर्ता भएको विद्यालयको हकमा विद्यालय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलपी
- विधानको प्रतिलिपि, स्थायी लेखा तथा चालु आर्थिक वर्षको करचुक्ता तथा गुठीयारहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- कम्पनीको हकमा प्रबन्धपत्र, नियमावली तथा प्रमाणपत्र स्थायीलेखा तथा चालु आर्थिक वर्षको करचुक्ता तथा कम्पनीको सञ्चालक तथा शेयर धनीहरुको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- जग्गा वा भवन भाडामा लिने भए कम्तिमा पाँच वर्षसम्मको लागि घर वा जग्गाधनीले वहालमा दिने सम्बन्धमा भएको कवुलियतनामा सम्बन्धी पत्र ।
- स्थानान्तरण हुन चाहेको विद्यालयको क्षेत्रको शैक्षिक नक्सा (नजिकका दुई विद्यालय देखिने गरी)
- सम्बन्धित वडा कार्यालयको सिफारिस र सिफारिस दस्तुर तिरेको नगदी रसिद ।
- नजिकका दुई विद्यालयको सहमति पत्र ।
- अघिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्र ।
- विद्यालयमा पठनपाठन हुने पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यपुस्तकको विवरण ।
- संस्थागत विद्यालयको हकमा संस्थापक र संचालकहरुको नाम नामेसी विवरण

क्रस	नाम, थर	पद	नागरिकता नं.		नागरिकता जारी गर्ने जिल्ला र मिति	सम्पर्क नम्बर
१						
२						
३						
४						
५						
६						
७						

अनुसूची ६
दफा १० को (क) सँग सम्बन्धित

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
साँखु, काठमाडौं ।

विषय : प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र ..... देखि प्रारम्भिक बालशिक्षा केन्द्र संञ्चालन गर्ने अनुमति पाउन अभिभावक/विद्यालय व्यवस्थापन समितिको मिति.....को निर्णयानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु र छौं ।

क. प्रस्तावित प्रारम्भिक बालशिक्षा केन्द्रको,–

१. नामः

२. ठेगानाः.....नगरपालिका..... वडा नं. .....
गाउँ वा टोल ..... फोन नं

३. सेवा पुर्याइने बालबालिकाको संख्याः

ख. सञ्चालनका लागि जिम्मेवारी लिने वा आवद्धता दिने विद्यालयको ,–

१. नामः

२. ठेगाना

३. फोन नं.

ग. प्रस्तावित प्रारम्भिक बाल शिक्षा केन्द्रको भौतिक पूर्वाधारः

१. भवनः (अ) कोठा (आ) कच्ची वा पक्की
(इ) के ले बनेको (ई) भाडा र आफ्नै सार्वजनिक

२. फर्निचरको विवरणः (अ) मेचः (आ) टेबुल (इ) बेन्च डेस्क

३. खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

४. शौचालयको अवस्थाः (अ)संख्या (आ) कच्ची वा पक्की (इ) पानीको व्यवस्था भए/नभएको

५. खानेपानीको अवस्थाः(अ) बोकेर ल्याउने (आ) धारा बाट (इ) पर्याप्त/अपर्याप्त

६. पाठ्यसामाग्रीको नाम र संख्याः(अ) (आ) (इ)

७. आर्थिक विवरणः(अ)अचल सम्पति (आ) चल सम्पति (इ) अन्य

८. आम्दानी स्रोतको व्यवस्था कसरी मिलाइन्छः

९. अन्य कुनै विवरण भए उल्लेख गर्ने :

माथि लेखिएको विवरण ठीक छ झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउला ।

<u>निवेदककोः-</u>

सहिः

नामः

ठेगानाः

मितिः

संस्थाको छाप

संलग्न कागजात कागजातहरु

१. गुठी अन्तर्गत विद्यालय संञ्चालन गर्ने भए शैक्षिक गुठीको विधानको प्रतिलिपि ।

२. जग्गा वा भवन भाडामा लिने भए कम्तिमा पाँच वर्षसम्को लागि घर वा जग्गाधनीले बहालमा दिने सम्बन्धमा भएका कबुलियतनामा सम्बन्धी पत्र ।

३. प्रस्तावित विद्यालय रहेको क्षेत्रको शैक्षिक नक्सा ।

४. सम्बन्धित वडा शिक्षा समितिको सिफारिस ।

५. नजिकको दुइवटा विद्यालयको सहमति पत्र ।

अनुसूची ७
दफा १० को (ख) सँग सम्बन्धित

श्री.....

विषयः- प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न दिइएको अनुमति

विद्यालय खोल्ने सम्बन्धमा मिति .....मा प्राप्त निवेदन उपर कारबाही हुँदा विद्यालय खोल्ने अनुमति, कक्षा थप, कक्षा समायोजन, विद्यालय स्थान्तरण सम्बन्धी कार्यविधि, २०८२ को परिच्छेद ३ को नियम १० बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले सम्पूर्ण खर्च निजी स्रोतबाट विद्यालय स्वयंले व्यहोर्ने गरी शैक्षिक सत्र ..... देखि पुर्व प्राथमिक शिक्षा (ECD) कक्षा सम्मको विद्यालय सञ्चालन गर्न यो अनुमति दिइएको छ ।

अनुमति प्रदान गने अधिकारीको :
सही :
नाम :
पद :
मिति :
कार्यालयको छाप :

आज्ञाले,
चुरामणि पन्थी
शंखरापुर नगरपालिकाको
प्रमुख प्रशासकीय अधिकृत